# लालझाडी राजपत्र


## लालझाडी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ८ संख्या ५ मिति २०८१ असोज २० गते**


## भाग २

## लालझाडी गाउँपालिकाको सूचना

यस लालझाडी गाउँपालिकाको **राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७७** बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो मापदण्ड प्रकाशन गरिएको छ;

संवत् २०८१ को कार्यविधि नं. ३

<u>**प्रस्तावना:**</u> विभिन्न स्रोत, साधन, श्रृजना र सीपको प्रयोग गरी उद्यम/व्यवसाय तथा पेशा गरिरहेका उत्कृष्ट उद्यमी / व्यवसायी तथा कृषकको छनौट गरी सम्मान प्रदान गर्ने

कार्यलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी लालझाडी गाउँपालिका गाउँकार्यपालिकाबाट “उत्कृष्ट उद्यमी/व्यवसायी तथा कृषक सम्मान कार्यविधि, २०८१” तयार गरिएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यो कार्यविधिको नाम **"उत्कृष्ट उद्यमी / व्यवसायी तथा कृषक सम्मान कार्यविधि, २०८१”** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **“उद्यमी/व्यवसायी तथा कृषक"** भन्नाले विभिन्न स्रोत साधन, सीप र श्रृजनाको प्रयोग गरी पेशा / व्यापार / व्यवसाय / उद्योग सञ्चालन गरिरहेका र अन्य श्रमिकलाई पूर्ण वा आंशिक रोजगारी प्रदान गरिहेका व्यक्तिलाई सम्झनुपर्छ ।

ख) "कार्यालय" भन्नाले लालझाडी गाउँपालिका कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

ग) "छनौट समिति" भन्नाले दफा ७ बमोजिम गठित समिति सम्झनुपर्छ।

घ) “गाउँपालिका" भन्नाले लालझाडी गाउँपालिकालाई सम्झनुपर्छ।

ङ) "लक्षित वर्ग समूह" भन्नाले दलित, आदिवासी जनजाति, सीमान्तकृत, महिला, अपाङ्गता भएका उद्यमी / व्यवसायी तथा कृषक सम्झनुपर्छ ।

च) "सम्मान" भन्नाले उत्कृष्ट उद्यमी / व्यवसायी तथा कृषकलाई प्रोत्साहन स्वरुप प्रदान गरिने नगद पुरस्कार सहितको सम्मानपत्र समेत सम्झनुपर्छ।

छ) "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाइएको व्यक्ति सम्झनुपर्छ ।

३. <u>उद्देश्यः</u> (१) यस कार्यविधि वमोजिम प्रदान गरिने सम्मानको उद्देश्य देहाय बमोजिम रहेको छः

क) उद्यमशीलताको माध्यमवाट आर्थिक सशक्तीकरणमा योगदान पुर्‍याएका उद्यमी / व्यवसायी तथा कृषकलाई प्रोत्साहन गर्ने,

ख) देशमै श्रम तथा स्वरोजगारको माध्यमबाट उद्यमशीलताको विकास गर्न प्रोत्साहन गर्ने,

ग) उद्यमी/व्यवसायी तथा कृषकहरुलाई आफ्नो कार्यक्षेत्रमा सफल र प्रतिष्पर्धी बन्न अभिप्रेरित गर्ने,

घ) योग्य र उर्जावान जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्ने र

ङ) उद्यमी/व्यवसायी तथा कृषक र श्रमिकको योगदान प्रति आत्म गौरवको अनुभूति दिलाउने।

४. <u>**छनौट तथा मूल्याङ्कनका आधारहरुः**</u> (१) उत्कृष्ट उद्यमी / व्यवसायी तथा कृषक छनौट गर्दा अनुसूची -१ बमोजिमको मूल्याङ्कनको आधार लिइनेछ। उक्त मूल्याङ्कनका आधारमा उच्चतम अंक प्राप्त गर्नेलाई योग्यताक्रमका आधारमा छनौट गरिनेछ ।

(२) सम्भव भए सम्म प्रत्येक वडाबाट कम्तिमा एकजना महिलासहित दुई जना उत्कृष्ट उद्यमी / व्यवसायी तथा कृषकलाई सम्मान गरिनेछ।

५. **पुरस्कार तथा सम्मान प्राप्त गर्ने योग्यताः** (१) उद्यमीले देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछः

क) लालझाडी गाउँपालिकामा स्थायी बसोवास भई उद्यम / पेशा / व्यवसाय गरिरहेको नेपाली नागरिक,

ख) उद्यमी स्वयम् आफै सञ्चालक भई व्यवसाय दर्ता र सञ्चालन गरेको,

ग) विगत दुई वर्षदेखि निरन्तर रुपमा उद्यम गरिरहेको,

घ) नियमित रुपमा स्थानीय / प्रदेश / संघ सरकारलाई तिर्नुपर्ने कर बुझाएको,

ङ) पछिल्लो तीन वर्षमा कुनै पनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको।

६. <u>सूचना प्रकाशनः</u> (१) कार्यालयले उत्कृष्ट उद्यमी / व्यवसायी तथा कृषक सम्मान प्राप्त गर्न इच्छुक उत्कृष्ट उद्यमी/व्यवसायी तथा कृषकका लागि १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना प्रकाशन/प्रसारण गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना अन्तर्गत उद्यमी/व्यवसायी तथा कृषक ले देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछः

क) अनुसूची -२ बमोजिमको आवेदन,

ख) नागरिकता प्रमाणपत्रको छायाँकपि,

ग) उद्योग दर्ता / नवीकरण प्रमाणपत्रको छायाँकपि,

घ) पछिल्लो वर्षको कर चुक्ता प्रमाणपत्रको छायाँकपि,

ङ) आवश्यक पर्नेमा पछिल्लो वर्षको लेखा परिक्षण प्रतिवेदन,

च) PAN/VAT दर्ता प्रमाणपत्रको छायाँकपि,

छ) लक्षित वर्ग समूह खुल्ने निस्सा,

ज) दफा ५(ङ) बमोजिमको स्वघोषणापत्र ।

७. **छनौट तथा सिफारिस समितिः** (१) उत्कृष्ट उद्यमी/व्यवसायी तथा कृषक छनौट गरी उद्यम विकास समिति समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछः

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि -संयोजक

ख) कृषि शाखा / पशु सेवा शाखा प्रमुख-सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य

घ) उद्यम विकास ईकाइ प्रमुख -सदस्य सचिव

(२) समितिको बैठक संयोजकको निर्देशानुसार सदस्य-सचिवले बोलाउनेछ ।

(३) छनौट समितिले आवश्यकता अनुसार सम्बन्धित उद्यम/व्यवसायको स्थलगत अनुगमन समेत गर्न सक्नेछ।

छनौट समितिले पेश भएका आवेदन र संलग्न कागजातका आधारमा अनुसूची -१ बमोजिम मूल्याङ्कन गरी उद्यम विकास समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

८. <u>**उद्यम विकास समितिको दायित्वः**</u> उत्कृष्ट उद्यमी / व्यवसायी तथा कृषक छनौटका लागि उद्यम विकास समितिको देहाय बमोजिम दायित्व रहनेछ ।

क) उत्कृष्ट उद्यमी / व्यवसायी तथा कृषक छनौट गर्न सुचना प्रकाशनका लागि गाउँपालिका समक्ष अनुरोध गर्ने ।

ख) प्रकाशित सूचना बमोजिम दरखास्त संकलनका लागि सम्वन्धित शाखालाई जिम्मेवारी प्रदान गर्ने ।

ग) उत्कृष्ट उद्यमी/व्यवसायी तथा कृषक छनौट गर्न गठित छनौट समितिलाई सहजिकरण गर्ने ।

घ) छनौट समितिबाट छनौट भई आएका नामावली उपर छलफल गरि कार्यपालिका समक्ष सिफारिस गर्ने ।

९. **<u>सम्मानको राशीः</u>** (१) सम्मानको राशी सो आ.व. मा विनियोजित बजेटको अधीनमा रही कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

(२) उत्कृष्ट उद्यमीलाई नगद पुरस्कारसहित अनुसूची-३ बमोजिमको सम्मान-पत्र प्रदान गरिनेछ।

१०. **<u>कार्यविधि संशोधन गर्न सक्नेः</u>** कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

११. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यस कार्यविधिको कार्यान्वयनमा वाधा आइपरेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१२. **प्रचलित कानून बमोजिम हुने**ः यस कार्यविधिमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

लालझाडी गाउँपालिका

# अनुसूची-१
## (दफा ४ सँग सम्बन्धित)
## मूल्याङ्कनका आधार

| क्र.सं. | छनौटको आधार | अधिकतम अंक | प्राप्तांक |
|---|---|---|---|
| १ | विगत दुई वर्षभित्र प्रदान गरेको रोजगारी संख्या | १५ | क) ५ वा ५ जना भन्दा बढीलाई रोजगारी दिएको भए: १५ अंक<br>ख) ३ देखि ४ जनालाई रोजगारी दिएको भए -१२ अंक<br>ग) १ देखि २ जनालाई रोजगारी दिएको भए -९ अंक |
| २ | स्थानीय स्रोत र साधन प्रयोग गरी उद्यम सञ्चालन गरेको | १५ | क) स्थानीय स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए -१५ अंक<br>ख) स्थानीय र बाहय दुवै स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए -१० अंक<br>ग) बाह्य स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए -५ अंक |
| ३ | श्रमिकको (१) सामाजिक सुरक्षा, | ३ | (क) तीनवटै शर्त पूरा भएको |

| | | | |
|---|---|---|---|
| | (२) व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, (३) कार्यस्थल सुरक्षा तथा कार्यवातावरण | | अवस्थामा -३ अंक<br>ख) कुनै २ वटा शर्त पूरा भएको अवस्थामा -२ अंक<br>ग) कुनै १ वटा मात्र शर्त पूरा गरेको अवस्थामा - १ अंक |
| ४ | लक्षित वर्ग समूह | ३ | दलित, आदिवासी जनजाति, सीमान्तकृत, महिला, अपाङ्गता भएका उद्यमी भए -३ अंक, अन्य भए - २ अंक |
| ५ | 'उत्पादित वस्तु तथा सामाग्रीको भण्डारण,प्याकेजिङ र लेवलिङ | ४ | क) उत्पादित बस्तु तथा सेवा सामाग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङ भएमा -९ अंक<br>ख) उत्पादित वस्तु तथा सेवा सामाग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङमध्ये कुनै २ (दुई) मात्र भएमा-६ अंक<br>ग) उत्पादित वस्तु तथा सेवा सामाग्रीको भण्डारण, प्याकेजिङ र लेबलिङमध्ये कुनै १ (एक) मात्र भएमा -३ अंक |

| | | | |
|---|---|---|---|
| ६ | नविकरण तथा राजश्व | १० | क) समयमा असोज मसान्त भित्र नै नविकरण तथा आयकर बुझाएको भएमा- १० अंक<br>ख) पौष मसान्त भित्र नविकरण तथा आयकर बुझाएको भएमा- ५ अंक<br>ख) आवश्यकता पर्दा नविकरण तथा आयकर बुझाएको भएमा- १ अंक |

पुनश्चः मूल्याङ्कन समितिले उल्लेखित आधारमा मूल्याङ्कन गरी कम्तिमा ३५ अंक प्राप्त गरेका उद्यमीलाई सम्मानका लागि सिफारिस गर्नेछ।

लालझाडी गाउँपालिका

## अनुसूची -२

## (दफा ६ को खण्ड (क) सँग सम्बन्धित)

## पेश गर्नुपर्ने विवरणको ढाँचा

१. उद्यमीको नामः..............................................

२. व्यवसाय/उद्यमशीलताको नामः............................

३. कार्य प्रकृतिः................................................

४. ठेगानाः...........जिल्ला................पालिका...........
वडा.........टोल......

५. कार्यरत/व्यवसाय स्थापना मितिः.....................

६. सम्पर्क नम्बरः.........................

७. विगत दुई बर्षदेखि हालसम्म रोजगारी दिइएको श्रमिकको संख्या र नामावली (श्रमिकको हाजिरी, नियुक्ति पत्र वा अन्य कुनै निस्सा भए पेश गर्ने)ः......................................

८. उद्यमशिलतामा स्थानीय र बाह्य स्रोतसाधन प्रयोगको अवस्था (स्थानीय र बाह्य स्रोतको विवरण बुँदागत रुपमा खुलाउने)ः.........................................

९. श्रमिकको सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कार्यास्थल सुरक्षा तथा कार्यवातावरणका बारेमा खुलाउने ।

..............................................................

१०.लक्षित वर्ग समूह (भए खुलाउने)ः.......................

११.उत्पादित वस्तु, सामाग्री तथा निर्माण गरिएका वस्तुहरुको भण्डारण, प्याकेजिङ र लेबलिङ सम्बन्धी विवरणः...........................................................

१२.समग्र उद्यम व्यवस्थापनको गुणस्तरीयता, दक्षता र प्रभावकारिताः .................................................

१३.श्रम/व्यवसायले पारेको सामाजिक/आर्थिक प्रभावः

क) ..........................................................

ख) ..........................................................

१४.अन्य कुनै कुरा भए खुलाउने.................................

१५.संलग्न हुनुपर्ने कागजातहरु

क) नागरिकता प्रमाणपत्रको छायाँकपि,

ख) उद्योग दर्ता/नवीकरण प्रमाणपत्रको छायाँकपि,

ग) पछिल्लो बर्षको करचुक्ता प्रमाणपत्रको छायाँकपि,

घ) पछिल्ला बर्षको लेखापरिक्षण प्रमाणपत्रको छायाँकपि,

ङ) PAN/VAT दर्ता प्रमाणपत्रको छायाँकपि,

च) लक्षित वर्ग समूह खुल्ने निस्सा,

छ) पछिल्लो तीन बर्षमा कुनैपनि सरकारी निकायबाट पुरुस्कार तथा समान्न प्राप्त नगरेको स्वघोषणा ।

लालझाडी गाउँपालिका

# अनुसूची -३
## (दफा ९ को (२) सँग सम्बन्धित)
## प्रमाणपत्रको ढाँचा

---

लालझाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
स्था. २०७३

**सम्मान — पत्र**

तपाँईले सञ्चालन गर्नु भएको................................ उद्योग / व्यवसाय मार्फत रोजगारी सृजना तथा देशको आर्थिक उन्नयनमा पुऱ्याउनु भएको अतुलनिय योगदानको कदर गर्दै यो सम्मान पत्र प्रदान गरिएको छ । भविष्यमा उद्यमशिलता एवं रोजगारीका माध्यमबाट मुलुकको आर्थिक उन्नयनमा गर्नु भएको योगदानलाई निरन्तरता दिनु हुनेछ भन्ने अपेक्षाकृत छौं ।

**मितिः**

| ................... | ................ | ................ |
|---|---|---|
| **प्रमुख प्रशासकीय अधिकृत** | **गा.पा. उपाध्यक्ष** | **गा.पा. अध्यक्ष** |

आज्ञाले
राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत